# इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी,सुनसरी
**१ नं. प्रदेश नेपाल**

चलानी ३६०

**शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना ! !!**

प्रथम पटक प्रकाशित मितिः २०७५।०४।२७

यस इटहरी उपमहानगरपालिकाको लागि तपसिल बमोजिमको बेट्री तथा इन्भर्टर खरीद गर्नु पर्ने भएको हुँदा इच्छुक संघसंस्था तथा व्यवसायीबाट यो सूचनाको अधिनमा रही प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी दरभाउपत्र पेश गर्न आब्हान गरिएको छ । विस्तृत विवरण सहितको सूचना यस कार्यालयको वेभसाईड www.itaharimun.gov.np मा गई डाउनलोड गरी हेर्न वा वडा कार्यलयहरूमा गई हेर्न वा नगरपालिकाको जिन्सि शाखामा सम्पर्क गरी बुझ्न सकिने छ ।

शर्तहरू :

१. प्रति दरभाउपत्र फारम प्रति रू १०००। (एक हजार) फिर्ता नहुने गरी तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समयभित्र यस कार्यालयको जिन्सी शाखाबाट खरिद गर्न सकिनेछ । दरभाउपत्रफारम खरिद गर्दा निवेदन साथ अध्यावधिक नबिकारण भएको फर्मको इजाजत पत्र,मु.अ.कर दर्ता प्रमाण पत्र,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राख्नु पर्ने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र खरीद गर्ने र १६ औं दिन १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिन ठीक २:०० बजे यसै कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजहरूको प्रतिनिधीहरूको रोहवरमा खोलिनेछ। सो समयमा दरभाउपत्रदाता वा निजहरूको प्रतिनिधीहरूको उपस्थिति नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र पेश गर्दा तपसिलको रकम धरौटी बापत इटहरी उपमहानगरपालिका कार्यालयको नाममा रहेको ने.बै.लि. इटहरीमा रहेको धरौटी खाता चल्ती हिसाब नं. ग–३/०५९०३००००००००३००००३ मा जम्मा गरि सो को सक्कलै भौचर वा मान्यता प्राप्त बैंकको ४ महिना म्याद भएको विडवण्ड सक्कलै दरभाउपत्र साथ संलग्न गर्नु पर्ने छ ।

४. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नभएको भनी लिखितरूपमा गरेको स्वघोषणा दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको बिवरण र दरभाउपत्रदाता फर्मको नाम, ठेगाना र कुन विषयको दरभाउ पत्र पेस गरेको हो स्पष्ट रूपले उल्लेख गरेको हुनुपर्ने छ ।

६. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने,वा अम्सीक स्वीकृत गर्ने,घटी वा,बढी अंकवालालाई दिने वा नदिने सो सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. दरभाउपत्र शर्तरहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको फारममा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ ।

८. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरीत भएको दरभाउपत्र माथि कुनै कारवाही हुनेछैन ।

९. दरभाउ खरिद वा दर्ता गर्ने फर्महरूले कामको सम्बन्धमा राम्रोसंग बुझी दरभाउपत्र भरेको मानिनेछ ।

१०. दरभाउपत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रूपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा उल्लेख भएको दररेटमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

११. दरभाउपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को भोली पल्ट सो कार्यहरू हुनेछ ।

१२. दरभाउपत्रमा दररेट उल्लेख गर्दा मु.अ.क. बाहेकको मुल्य उल्लेख गर्नु पर्नेछ ।

१३. दरभाउदाताले नक्कली कागजात पेश गरेको पाइएमा निज दरभाउपत्रदाताको दरभाउपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ । साथै निजको जमानत समेत जफत हुनेछ ।

१४. नियमानुसार कर दस्तुर आदि सम्पुर्ण दरभाउदाता फर्मले स्वयं वेहोर्नु पर्ने छ ।

१५. एक फर्मको नाममा खरिद भएको दरभाउ फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१६. दरभाउपत्रको दररेट स्वीकृत भएको १ हप्ताभित्र उल्लेखित सामाग्री उपलब्ध गराउनु पर्नेछ।

२७. सिलबन्धी दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राखी बुझ्न सकिने छ ।

२८. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३ प्रचलित कानुन अनुसार हुने छ ।

| क. सं. | ठेक्का नं. | कामको विवरण | दरभाउ पत्र खरीद गर्ने मिति र समय | दरभाउ पत्र दर्ता गर्ने ' मिति र समय | दरभाउ पत्र खुल्ने मिति र समय | बोलपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २/०७५/०७६ | ट्यूवलर बेट्री २०० MPr.४०थान | २०७५।५।१० गते कार्यालय समय भित्र | २०७५।५।११ गते दिनको १२.०० बजेसम्म | २०७५।५।११ गते दिनको २ बजे | रु १०००। | रु ३१,०००। | |
| २ | ३/०७५/०७६ | १५०० VA Sine Wav इन्भर्टर १३ थान | २०७५।५।१० गते कार्यालय समय भित्र | २०७५।५।११ गते दिनको १२.०० बजेसम्म | २०७५।५।११ गते दिनको २ बजे | रु १०००। | रु ५,०००। | |